# पाठ ७:
# पात्रहरूलाई प्रसारण गराऔँ



# डिबग(**debug**) गरेर शुरू गरौँ!

सधैं झैं, हामी डिबग गरेर सुरु गर्नेछौं।



पोको हिँड्न खोज्छ




गाडी उल्टो हुन्छ


# पाठका लागी तयारी गरौंt

## आफ्नो स्क्र्याच(**Scratch**) अकाउन्टमा प्रवेश गर।

1. स्क्र्याच अकाउन्टमा प्रवेश गर





2. अधिक स्पष्टता(high contrast) भएका ब्लकको प्रयोग गर।




3. अरु प्रोजेक्टहरूबाट सामग्री लिन ब्याकप्याकको प्रयोग गर।

Click to view



# केही उदाहरणहरूसँग खेलौँ

यी प्रोजेक्टहरू सँग खेल र तिनीहरू कसरी काम गर्छन् बुझ्न खोज।



सानु र ढुंगा




बाच्छो र स्याउ

Broadcast लाई नेपालीमा प्रसारण भनिन्छ। प्रसारण गर्नु भनेको सबैलाई एकैचोटी सन्देश पठाउनु हो। प्रोजेक्टमा भएका सबै स्प्राइट तथा


सुझाव:

प्रसारण गर्ने ब्लकले (Broadcast blocks) कसरी काम गर्छन भन्ने कुरा स्पष्ट छैन भने यो प्रोजेक्ट र चित्र हेर।



बिरालो र कुकुरको


"यसरी बिरालो र कुकुरले एक अर्कासँग कसरी संवाद गर्छन्:




# केही कथाहरु बनाऔँ

हामीलाई ब्रोडकास्ट ब्लक कसरी प्रयोग गर्ने थाहा भयो। अब लामा कथाहरू बनाउन सजिलो हुनेछ।

- A एउटी बच्चीले कुकुरलाई बोलाउँछिन्
- B सूर्य उदाउँछ र चराहरू उड्न थाल्छन्
- C एउटी केटी आफ्नो घरभित्र जान्छिन् (सुझाव: ब्याक्ड्रप परिवर्तन गर।)





आफ्नो प्रोजेक्ट साझा गर। साथीहरुका प्रोजेक्ट चलाएर हेर र कमेन्ट गर!




# यी ब्लकहरूसँग खेल र तिनीहरूलाई आफ्नो कोडमा प्रयोग गर्दा र के हुन्छ हेर।

### सन्देश प्रसारण गर





### प्रसारण गरेको सन्देश प्राप्त





### नसोचेको अंक कम्प्युटरसँग माग




### प्रोजेक्टलाई शुरुवाती




### बोल्दा इशारा पनि गर




# गर्नका लागी थप रमाइला कुरा

## स्प्राइटलाई हिँडाउन

एउटा स्प्राइटलाई हिँडेको जस्तो देखाउन केवल ४ वटा कस्ट्युम चाहिन्छ ।

1 ➡ 2 ➡ 3 ➡ 4 🔄 ४ पछि फेरी १। यहि क्रममा कस्ट्युम बदल्दै जानु पर्छ।

हातले कतातिर देखाएका छन्, ख्याल गर्यौ?
दाहिने हात बायाँखुट्टाको बुढी औँला तिर र बायाँ हात दाहिनेखुट्टाको बुढी औँला तिर।




## अनुहारको हाउभाउ



हाम्रा आँखाले भावनाहरु धेरै राम्रोसँग दर्शाउँछन्। आँखीभौँ मात्र सानो कोणले घुमाउनाले अनुहारको हाउभाउ पुरै बद्लिन्छ। तिमीले यी इमोजीहरुलाई हेरेर आफ्नो पात्रहरुको हाउभाउ बदल्न सक्छौ।

# आजको पाठलाई फर्केर हेरौँ

- तिमीले गर्न प्रयास गरेको कुनै नयाँ कुरा बारे भन। अघिल्ला प्रोजेक्टहरूको तुलनामा के फरक थियो?
- यो पाठबाट तिमीले के-कस्ता नयाँ आइडिया पायौ?